## संसदीय समितिहरुको निर्णय कार्यान्वयन अवस्था

व्यवस्थापिका संसद नियमावली, २०७३ को नियम १७७ अनुसार व्यवस्थापिका संसदप्रति सरकार उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन र राय सल्लाह दिन गठन भएका विभिन्न समितिहरु मध्ये नमूना छनौटका आधारमा परीक्षण गर्दा ४ विषयगत समितिबाट भएका ४ निर्णय कार्यान्वयन सम्बन्धमा देखिएका मूख्य व्यहोरा निम्नानुसार छन् :

१. **भूमिसुधार तथा व्यवस्था विभाग** : कृषि तथा जलस्रोत समितिले २०७१।०९।०९ को निर्णयानुसार २०७३ माघभित्र देशका सबै मालपोत कार्यालयहरुमा आधुनिक प्रविधिबाट भू-सूचना प्रणाली लागू गरी सूचना प्रविधिको प्रयोगबाट सेवा प्रवाह गर्नका लागि आवश्यक व्यवस्था मिलाउन र नापी कार्यालयमा समेत यो प्रणाली लागू गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिएकोमा भूमिसुधार तथा व्यवस्थापन विभागको २०७३।११।२४ को पत्रानुसार हालसम्म ११ जिल्लाका १८ वटा मालपोत कार्यालयमा भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (Land Records Information Management System-LRIMS) संचालन भईसकेको, थप २ जिल्लाका ७ मालपोत कार्यालयहरुमा २०७३/७४ मा सो सेवा संचालन गर्ने र १९ जिल्लाका २५ मालपोत कार्यालयहरुमा २०७३/७४ मा सो सेवा संचालनको लागि पूर्वाधारको विकास गरिने तथा बाँकी जिल्ला र कार्यालयमा भू-सूचना तथा अभिलेख विभागबाट विकास गरिएको जिल्ला भू-सूचना प्रणाली (District Land Information System-DLIS) मार्फत् उक्त विभागले नै हेर्ने गरी कार्य भइरहेको उल्लेख भई आएको छ । हालसम्म १३ जिल्लाका २५ मालपोत कार्यालयमा सो सेवा संचालन भएको र ६२ जिल्लामा संचालनमा आएको छैन । समितिको निर्देशन पालना हुने व्यवस्था गरी कार्य सञ्चालन गर्नुपर्दछ ।

२. **नेपाल आयल निगम लिमिटेड** : सुशासन तथा अनुगमन समितिले २०७१।११।०३ मा बजार अनुगमन तथा सम्बन्धित निकायसँग छलफल गरी प्रत्येक एल. पि. ग्याँसका सिलिन्डरको अवस्थाको विवरण तयार पार्न नेपाल आयल निगमलाई निर्देशन दिएको थियो । नेपाल आयल निगमको २०७३।१२।०१ को पत्रानुसार २०७३ असार मसान्तसम्ममा विभिन्न ५४ कम्पनीका ७८,२१,३६२ वटा सिलिन्डर प्रमाणिकरण भएकोमा २२,४०९ स्क्रयाप भई बाँकी ७७,९८,९५३ वटा प्रयोगमा रहेको उल्लेख छ । संसदिय समितिको निर्देशन अनुसार बाँकी सिलिन्डरको अवस्थाबारे अनुगमन तथा छलफल गरी सिलिन्डरको अवस्था विवरण तयार पार्ने कार्य गरेको छैन । समितिको निर्देशनानुसार हरेक सिलिन्डरको अवस्था यकिन गरी उपभोक्ताको सुरक्षा प्रति संवेदनशील हुनुपर्दछ ।

३. **सडक विभाग :** सुशासन तथा अनुगमन समितिले २०७२।०९।०१ मा सडक दुर्घटनामा आपतकालीन उद्धार, पीडितको लागि तत्काल राहत र क्षतिपूर्ती एवं आवश्यक अन्य सहयोगको लागि वीमा बाहेक एउटा छुट्टै

कोष र परिचालन संयन्त्र स्थापना गरी कार्यान्वयनमा ल्याउन सरकारलाई निर्देशन दिएको थियो । उक्त निर्देशन कार्यान्वयनको अवस्थाका सम्बन्धमा निर्देशन बमोजिमका विषय समेतलाई समावेश गरी सडक सुरक्षा ऐनको मस्यौदा तयार भईरहेको सडक विभागको २०७३।११।२६ को पत्रबाट जानकारी प्राप्त भएको छ । आवश्यक कानुनी तथा संरचनात्मक व्यवस्था गरी निर्देशनको कार्यान्वयन गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ ।

४. **सडक विभाग :** सार्वजनिक लेखा समितिले २०७१।८।२५ मा योजना आयोजनाहरुको डिजाइनकर्ता, लागत अनुमानकर्ता, परामर्शदाता र स्वीकृत गर्नेहरुलाई पनि जिम्मेवार र जवाफदेही बनाउन यथाशिघ्र वित्तिय जवाफदेहिता सम्बन्धी कानुनमा स्पष्ट व्यवस्था गरी कडाइका साथ कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायहरुलाई निर्देशन दिएको थियो । यस सम्बन्धमा सडक विभागको २०७३।११।२६ को पत्रानुसार प्रस्तुत विषयमा “एक पटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्यस्तो संसोधन शुरु लागत अनुमानको २५ प्रतिशतभन्दा बढी फरक परेमा वा त्रुटीपूर्ण डिजाइन गरेको वा अस्वभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारबाहीको भागिदार हुने सार्वजनिक खरिद ऐनमा २०७३।३।३० मा भएको पहिलो संशोधनबाट दफा ५क मा व्यवस्था गरिएको छ । त्यसैगरी नियमावलीमा २०७३।९।४ मा भएको चौथो संशोधनबाट समेत परामर्शदाताले सम्झौता गर्दा पेशागत दायित्व बीमा गर्ने नियम ८१ उप-नियम ७ मा व्यवस्था गरिएको उल्लेख छ । संशोधित कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।